# हिमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### कालिकाखेतु, जुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सं. :- २०७९/०८०
च.नं. :- १८९

**सेवा करारमा जनशक्ति पदपुर्ति गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित **मिति :२०७९।०५।१९**

हिमा गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिको मिति २०७९/०५/१९ को निर्णय अनुसार यस पालिकामा **सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना (SusWA) कार्यक्रम** संचालन सहयोगका लागि आवश्यक तपसिल अनुसारका जनशक्ति खुल्ला प्रतिस्पर्धाबाट पदपुर्ति गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०७९/०६/०२) कार्यालय समय भित्र आवश्यक उल्लेखित कागजात र दस्तुर तिरेको भौचर रसिद सहित गाउँपालिकाको कार्यालयमा आवेदन पेश गर्न हुन सूचित गरिन्छ ।

तपसिलः

१. पद तथा आवश्यक न्यूनतम योग्यता र अनुभव सम्बन्धी विवरण
   - क) खानेपानी सरसफाई तथा स्वच्छता संयोजक (विज्ञापन नं. SusWA- ०१/२०७९/८०, आवश्यक संख्याः- १(एक))
     - कम्तीमा स्नातक तह (सिभिल इन्जिनियरिङ, ग्रामिण विकास, समाजशास्त्र, व्यवस्थापन वा सो सरह ) उतिर्ण वा सिभिल इन्जिनियरिङ बिषयमा डिप्लोमा गरि अन्य विषयमा स्नातक गरि कम्तीमा ५ बर्षको ग्रामीण विकास, योजना तर्जुमा र ब्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनु पर्ने, कम्तीमा ३ बर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा कार्य गरेको हुनु पर्ने ।
     - सामाजिक परिचालन, तालिम सहजिकरणमा राम्रो अनुभव भएको
     - आधारभुत कम्प्यूटर (MS word, Excel, power point) को ज्ञान र प्रतिवेदन क्षमता भएको
     - दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तर्गत कार्य गरेकोलाई बिशेष ग्राहयता दिईने।
     - सम्वन्धित स्थानिय नागरिकलाई बिशेष प्राथमिकता दिईने छ।
   - ख) प्राविधिक सहजकर्ता (विज्ञापन नं. SusWA- ०२/२०७९/८०, आवश्यक संख्याः- १(एक))
     - कम्तीमा सिभिल ईन्जिनियरिङ बिषयमा प्रविणता प्रमाण-पत्र/डिप्लोमा तह उतिर्ण गरि ३ बर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा सर्भे डिजाइन ईष्टिमेट, अनुगमन मुल्याङ्कन सम्वन्धित कार्य गरेको हुनु पर्ने ।
     - आधारभुत कम्प्युटर (MS word, Excel, power point) को राम्रो ज्ञान र प्रतिवेदन क्षमता भएको
     - AutoCAD लगायतका सफ्टवेयरको ज्ञान भएको
     - सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सिप भएको हुनु पर्ने।
     - दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई बिशेष ग्राहयता दिईने।
     - सम्वन्धित स्थानिय नागरिकलाई बिशेष प्राथमिकता दिईने छ।
   - ग) खानेपानी सरसफाई तथा स्वच्छता सहजकर्ता (विज्ञापन नं. SusWA- ०३/२०७९/८०, आवश्यक संख्याः- १(एक))
     - कम्तीमा स्वास्थ्य वा सो सरहका बिषयमा प्रबिणता तह उतिर्ण गरि ५ बर्ष खानेपानी सरसफाई तथा स्वच्छता, मर्यादित महिनावारिका क्षेत्रमा कार्य गरेको हुनु पर्ने ।
     - सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सिप भएको हुनु पर्ने।
     - दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई बिशेष ग्राहयता दिईने।
     - सम्वन्धित स्थानिय नागरिकलाई बिशेष प्राथमिकता दिईने छ।

२. उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

३. दरखास्त दस्तुर र जम्मा गर्नु पर्ने खाताको विवरणः विज्ञापन नं. १ का हकमा रु १००० ( एक हजार मात्र) तथा विज्ञापन नं. २ र ३ का हकमा रु ५०० ( पाँच सय मात्र), दस्तुर गाउँपालिकाको **नेपाल इन्भेस्टमेन्ट बैंक, कालिकाखेतु शाखा, जुम्लामा** रहेको **ग १.१ हिमा गाउँपालिका आन्तरिक राजस्व खाता नं. ०७४१४००२५००३०** मा जम्मा गरेको सक्कल बैंक भौचर आवेदन साथ पेश गर्नु पर्ने छ ।

४. व्यक्तिगत विवरण ढाँचा पेश गर्नु पर्नेः आवेदकले व्यक्तिगत विवरण, नागरिकता नं., ठेगाना, शैक्षिक योग्यता, अनुभवको विवरण सहितको व्यक्तिगत विवरण ढाँचा तयार पारि आवेदन साथ पेश गर्नु पर्नेछ। आबेदन को ढांचा यसै सुचना साथ संलग्न गरिएको छ ।

५. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः नागरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यताको प्रमाण-पत्र, अनुभवका प्रमाण-पत्र, तालिम प्राप्त गरेका प्रमाण- पत्र।

६. छनौटको किसिमः योग्यता क्रमको प्रारम्भिक सुची, लिखित परिक्षा, कम्प्युटर परीक्षण र अन्तरवार्ता हुनेछ ।

७. विज्ञापन सम्बन्धी थप जानकारीको लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ। **फोन नं ९८४८३२७२७५**, इमेल- **ito.himamun@gmail.com**

प्रमुख प्रशासकीय अधिकृत